# समग्र

सीमान्तकृत मानिसहरूको सशक्तीकरणमा सामाजिक परिवार !

अंक-४७, श्रावण, २०७३


## भित्र


सामाजिक लेखाजोखा सम्पन्न ........................................२

गरिबी निवारण कार्यक्रम अनुगमन....................................४

युवा दिवस मनाइयो..................४

द्वन्द्व रूपान्तरणका लागि प्रशिक्षक प्रशिक्षण ...................५

जिल्ला संयोजकका लागि समीक्षा कार्यशाला ..................६

पारदर्शी भए स्वतः सुशासन.....७

नयाँ संविधानसम्बन्धी जानकारी..................................७

शान्तिपूर्ण अभियानमा पूर्वलडाकू..................................८

नागरिक सचेतना केन्द्र गठन ........................................८



सम्पर्कका लागि ठेगाना:

**समग्र विकास सेवा केन्द्र,**

हस्पिटल मार्ग, चाबहिल,

पो.ब. नं. : १३२७८, काठमाडौं,

फोन नं. ४४६९६४९, इमेल:

info@samagra-nepal.org.np,

वेभसाइट: www.samagra-nepal.org




## सुशासन प्रबर्द्धनका लागि

# सकारात्मक सोच कार्यशाला

सिरहा: सिरहाबजारमा सुशासन प्रबर्द्धनका लागि सकरात्मक सोच विषयक कार्यशाला सम्पन्न भयो । जिल्ला तथा स्थानीय स्तरका कर्मचारीहरूको सोच सकारात्मक बनाई आफ्नो काम-कर्तव्यप्रति लाग्न उत्प्रेरित गर्ने, विपन्नका मागलाई संबोधन गराउन सहयोग पुऱ्याउने, सेवादायी र सेवाग्राहीबीचको दूरी घटाउँदै छलफल, संवाद, समन्वयको वातावरणलाई सहज बनाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

समग्र विकास सेवा केन्द्रले २०७३ असार १० देखि १२ सम्म आयोजना गरेको उक्त कार्यशालालाई नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका (स्टाफ कलेज) वरिष्ठ निर्देशक केदारबहादुर रायमाझी र योग तथा जीवन विज्ञान विशेषज्ञ डा. राजु अधिकारीले सहजीकरण गरेका थिए ।

प्रमुख अतिथि जिल्ला न्यायाधीश अमृतबहादुर बस्नेतले फूलको गमलामा पानी हालेर उद्घाटन गरेका थिए । न्यायाधीश बस्नेतले उद्घाटनपछि शुभकामना दिँदै भने, 'यस किसिमका तालिम/कार्यशाला निकै महत्वपूर्ण हुन्छ । आयोजक संस्थालाई धन्यवाद दिन्छु । सहभागीहरूले समयलाई भरपुर उपयोग गर्दै प्रशिक्षकहरूको ज्ञान र सीपबाट प्रशिक्षित हुनुहुनेछ । म कार्यक्रमको पूर्ण सफलताका लागि शुभकामना व्यक्त गर्दछु ।'

समग्रका क्षेत्रीय संयोजक दुर्गा महत्तोले स्वागत मन्तव्य राख्दै भने, 'स्थानीय सेवादायी र सेवाग्राही (सरोकारवाला) बीचको दूरीलाई कम गर्दै सकारात्मक सोचका साथ काम गर्दै सेवाप्रवाह प्रक्रियालाई सरल, छिटो र प्रभावकारी बनाउन यस कार्यशालाले सहयोग पुऱ्याउने विश्वास छ ।' उद्घाटन समारोहको सभापतित्व समग्र विकास केन्द्रकी चन्द्रकला महत्तोले गरेकी थिइन् ।

योग तथा जीवन विज्ञान विशेषज्ञ डा. राजु अधिकारीले तनाव घटाउने कलाबारे सहजीकरण गरेका थिए । अधिकारीले तनाव हुने प्रमुख कारण बताए, 'चाहेको नहुनु तर नचाहेको हुनु । जति बढी मन पर्ने र मन नपर्ने हुन्छ, त्यति बढी तनाव हुन्छ ।'

अधिकारीका अनुसार, तनाव सकारात्मक र नकारात्मक दुई प्रकारको हुन्छ । त्यसमा पनि क्षणिक, अल्पकालीन र असाध्य गरी तनाव तीन प्रकारका हुन्छन् । तनाव बढ्दै गएपछि रोगमा परिणत हुने हुनाले यसबाट


*बाँकी पृष्ठ ६ मा*

# सामाजिक लेखाजोखा सम्पन्न




**गोरखा** : समग्र विकास सेवा केन्द्रले आर्थिक वर्ष ०७२/७३ र ०७३/७४ मा सञ्चालन गर्ने कार्यक्रमबारे गोरखाबजारमा सामाजिक लेखाजोखा सम्पन्न गरेको छ। कार्यक्रमबारे सरोकारवालाहरूलाई जानकारी दिने र सुझाव लिने उद्देश्यले २०७३ जेठ ३१ गते उक्त छलफल आयोजना गरिएको हो ।

लेखाजोखामा समग्र विकास सेवा केन्द्रले आर्थिक वर्ष ०७२/७३ मा कुल बजेट २१ लाख १६ हजार १७ रुपैयाँ खर्च गरी जिल्लाको गोरखा र पालुङटार दुई नगरपालिका तथा आठ वटा गाविसहरू- खोप्लाङ, छोप्राक, दर्बुङ, फुजेल, नाम्जुङ, बोर्लाङ, धावा, आरुचनौटे- का १९१२ घरधुरी समेटिएका थिए ।

समग्र विकास सेवा केन्द्रले गभर्नेन्स फ्यासिलिटीको साझेदारीमा 'शान्ति स्थापना तथा प्रजातान्त्रिक विकासका लागि सीमान्तकृत मानिसहरूको सशक्तीकरण अभियान' सँग सम्बन्धित विभिन्न क्रियाकलाप गर्दै आएको छ । बिगतमा लगानी गरेको ४२ लाख रुपैयाँ केन्द्रीय घुम्ती कोष र स्थानीय सामाजिक परिवारहरूले संकलन गरेको करिब ७५ लाख रुपैयाँ आयआर्जन कार्यमा परिचालित छ ।

उक्त कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख जिल्ला अधिकारी नारायण भट्टले कार्यक्रम सञ्चालन गर्दा अधिकारमुखी विकास, जनचेतनाको साथसाथै पूर्वाधार विकासमा पनि बजेट छुट्टाएर काम गर्न आग्रह गरे । उनले भने, 'काम गर्दा सबैसँग सहकार्य/समन्वय गर्नुस् ।'

जिल्ला वन कार्यालयका प्रमुख जीवनाथ पौडेलले भने, 'समग्र विकास सेवा केन्द्रले सामाजिक परिवार बनाएर संगठित गर्दै समाज रूपान्तरणको काम गरेकोमा खुशी लागेको छ। पूर्वाधार निर्माण र जिविकोपार्जन कार्यक्रम पनि गर्न सुझाव दिन चाहन्छु ।'

घरेलु कार्यालयका प्रमुख शारदाप्रसाद घिमिरेले लक्ष्यअनुसार प्रगतिमा पुग्न शुभकामना दिए। 'घरेलुमा २०० जनालाई डकर्मी तालिम आएको थियो, समग्रको सहकार्यमा ३ वटा तालिम ६० जनालाई तालिम दिइयो। दर्बुङमा पुगेर राम्रो भूकम्प प्रतिरोधात्मक भवन बनाएको छ । समग्रसँग मिलेर कार्य गर्न तयार छौं ।'

स्थानीय विकास अधिकारी नारायणप्रसाद आचार्यले भने, 'पुनर्निर्माण कार्यमा गाविसहरूमा आवश्यक सहयोग गरिदिनुस्। समन्वय र सहकार्यमा जोड दिनुस् ।'

साहस नेपालका हरि अधिकारीले भने, 'सरोकारवाला तीनै पक्ष बसेर छलफल गर्न पाउनु झनै सुन्दर पक्ष हो । बजेट अनुसार कार्य भएको छ/छैन भन्ने थाहा पाउनका लागि पनि सामाजिक लेखाजोखा हरेक ठाउँमा हुनुपर्छ ।'

नेपाली काँग्रेसका अजितबाबु श्रेष्ठले भने, 'समग्रले पारदर्शी ढंगले काम गरेको छ । अरुले पनि यसलाई अनुसरण गर्नुपर्दछ । अझै विकास निर्माणको काम गर्दै जानुस् ।'

नेकपा (एमाले) का शम्भु अर्यालले समग्र विकास सेवा केन्द्र धेरै पहिलादेखि काम गर्दै आएको पुरानो संस्था भएको बताउँदै भने, 'आयआर्जन र पूर्वाधार निर्माणजस्ता पुराना क्रियाकलापहरूलाई निरन्तरता दिनुपर्‍यो । हामीले के गर्नुपर्छ, गर्न तयार छौं ।' उनले भूकम्पप्रतिरोधी आवास निर्माणमा सहयोग गरिदिन समग्रसँग आग्रह गर्दै भने, 'सरकारले दिने अनुदान सदुपयोगका लागि सहजीकरण गरीदिनुहोला ।'

नेकपा माओवादी केन्द्रका रामबहादुर ढकालले उदाहरणीय काम गरेको भन्दै समग्रको प्रसंशा गरे । 'सबैसँग समन्वय गर्नुपर्‍यो, कार्यक्रमलाई एकीकृत गर्नुपर्‍यो', उनले भने, 'पूरै गाउँबस्ती समेटेर काम गर्नुपर्छ। त्यहाँ अर्को संस्था जानु नपरोस् ।'

कार्यक्रममा नासपाती सामाजिक परिवारका अध्यक्ष कृष्णप्रसाद घिमिरेले भने, 'समग्रले हामीलाई बाटो देखाइदिनुभयो। आफ्नै खुट्टामा उभिन प्रोत्साहन दिनुभयो, अझै समग्रको खाँचो छ । डोर्‍याउन नछाड्नुहोला ।'

छ वर्षदेखि सामाजिक परिवारमा आवद्ध भएकी जनजागरण सामाजिक परिवारका अध्यक्ष माया रोकाले भनिन्, 'अहिले त हामी छोरीमान्छे पनि छोरामान्छेभन्दा कम छैनौं भन्ने आत्मबल आएको छ । जातीय विभेद पनि हट्दै गएको छ ।'

कामधेनु सामाजिक परिवारका अध्यक्ष सरस्वती केसीले भनिन्, 'ठूल्ठूला कुरा गर्न त जानिन्न तर आवश्यक सामान्य कुरा गर्नसक्ने भएको छौं । मल, बीउ, सिंचाई कहाँ पाइन्छ थाहा थिएन, अहिले थाहा भो। हामी सक्षम भएका छौं। हामीभन्दा दुर्गममा सहयोग गर्नुस् ।' आफ्नो पनि घर नभएकी उनले भनिन्, 'मेरो पनि घर छैन, जसोतसो गरौंला तर दुर्गमलाई घर बनाउन, बाटोघाटो बनाउन मद्दत गर्नुस् । हामी सदरमुकामनजिकै छौं, लडेर पनि खान्छौं ।'

सल्लाघारी सामाजिक परिवारका सचिव श्रीमाया सुनारले पनि आफूमा क्षमता अभिवृद्धि भएको बताउँदै भनिन्, 'धेरै नजाने पनि म पनि मान्छे रै'छु जस्तो लाग्छ । ढुक्कसँग बोल्न, सही गर्न जान्ने भएका छौं ।बच्चालाई स्कुल पठाएका छौं। नागरिकता, जन्मदर्ता बनाउने गरेका छौं।' उनले महिला

पनि घरबाहिर जान थालेको बताउँदै भनिन्, 'म वडा नागरिक मञ्चको सदस्य पनि भएको छु ।'

सञ्चारमार्ग सामाजिक परिवार सचिव चन्द्रवीर बिकले आफूभित्र गुम्सेको गुनासो राखे, 'भूकम्पपछि भित्रभित्रै रिस उठ्न थालेको छ । भनौं भने सरहरू भाग्ने हो कि ? ठूलो धनी संस्थाबाट ठूलो राहत आउँछ भन्ने ठानेको थिएँ ।

विकास-निर्माणभन्दा सामाजिक जग खनेको बढी महत्वपूर्ण लाग्यो । शहिदचोकका वुद्दिजीवीहरूले ५ बोरा चामल बाड्नुभयो । पार्टीका साथीहरू आएर गल्लीमा बसेर पाउरोटी वाड्नुभयो । त्यसपछि कुनै पनि राजनैतिक दलहरू पुग्नुभएन ।'

कार्यक्रममा विभिन्न सरकारी तथा गैरसरकारी संस्था, राजनैतिक दलका प्रतिनिधिहरू, सञ्चारकर्मी, सामाजिक परिवारका प्रतिनिधिहरूसमेत गरी ७३ जनाको सहभागिता थियो । मुख्य अतिथि प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्ट रहेको उक्त कार्यक्रममा अध्यक्षता अन्नपूर्ण सामाजिक परिवारका अध्यक्ष मनसुरी तामाडले गरेकी थिइन् ।

**धनुषा**: धनुषामा श्रावण २५ गते समाजिक लेखाजोखा सम्पन्न भयो । कार्यक्रममा विभिन्न कार्यालयको प्रतिनिधि, राजनैतिक दल, नागरिक समाज, सञ्चारकर्मी, विभिन्न सामाजिक परिवारका सदस्यहरू तथा समग्रको कर्मचारीहरू सहित ४८ जनाको सहभागिता थियो ।

सांसद् उर्मिला साह प्रमुख अतिथि रहेको उक्त कार्यक्रममा धनुषाधाम नगरपालिकामा रहेको राजदेवी सामाजिक परिवारका अध्यक्ष पानोदेवी सदाले अध्यक्षता गरेकी थिइन् । कार्यक्रममा जिल्ला कृषि कार्यालयका अधिकृत राजेन्द्र यादव, जल उत्पन्न प्रकोपको न्यूनीकरण कार्यालयका इञ्जिनियर इन्द्रकान्त झा, घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख अर्जुन मण्डललगायतको उपस्थित थियो ।

कार्यक्रमको सुरुमा समग्र विकास सेवा केन्द्रले तयार गरेको सामाजिक परिवार सम्बन्धी वृत्तचित्र प्रस्तुत गरिएको थियो । संस्थाले धनुषा जिल्लामा सञ्चालन गरिरहेको शान्ति स्थापना र प्रजातान्त्रिक विकासका लागि सीमान्तकृत मानिसहरूको सशक्तीकरण कार्यक्रमअन्तर्गत सञ्चालित क्रियाकलाप, बजेट, उपलब्धि, समस्या, सिकाइ, भोगाइ तथा भावी कार्यक्रमका सम्बन्धमा सहभागीहरूलाई जानकारी गराइएको थियो ।

धनुषा जिल्लाभित्र तीन वटा नगरपालिकामा ३८ वटा सामाजिक परिवारहरू गठन भई सो कार्यक्रम सञ्चालित छ जसमा ८४७ धरधुरी संलग्न छन् । सामाजिक परिवारहरूमा ७७३ जना महिला र ७४ पुरुष समेटिएका छन् ।

शुभकामना सामाजिक परिवारका अध्यक्ष श्रीवती सदाले आफ्नो समूहको गठनपछि मानवअधिकार, द्वन्द्व रूपान्तरण, योजना निर्माण जस्ता तालिम लिई धेरै कुरा थाहा पाएको बताइन् । व्यक्तिगत घटना दर्ता, नागरिकता लिने काम भैरहेको, मुसहर समुदायका बालबलिकालाई कमैया राखेकोमा सामाजिक परिवारको पहलमा त्यसलाई मुक्त गरी विद्यालय पठाउन थालिएको बताए । उनले आफ्नो समुदायका लागि दुई कोठाको सर्वजनिक भवन र चार कोठाको शौचालय निर्माण गरेको पनि जानकारी दिइन् ।

शिवशक्ति सामाजिक परिवारका अध्यक्ष शिव सदाले आफ्नो सामाजिक परिवार नयाँ भए पनि सदस्यहरूले मानवअधिकार, योजना निर्माण, जन्मदर्ता, नागरिकता तथा आफ्नो हक-अधिकारको बारेमा बुझेको बताए । पिपराडी सामाजिक परिवारको अध्यक्ष सुनितादेवी महराले पनि आफ्नो टोलछिमेकमा गरेको विकास कार्यबारे जानकारी दिइन् ।

जिल्ला कृषि कार्यालयका अधिकृत राजेन्द्र यादवले कार्यक्रममा महिलाको सहभागिता देखेर खुशी व्यक्त गर्दै भने, 'कृषि कार्यालयबाट प्राप्त हुने सेवा-सुविधाको लाभ उठाउन अनुरोध गर्छु ।' उनले कृषक समूह गठन र अनुदान प्रक्रियाबारे जानकारी दिए ।

घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख अर्जुन मण्डलले भने, 'महिला, दलित र सीमान्तकृत मान्छेका लागि गरिबी निवारणका लागि सीपमूलक तालिम रहेको छ । सामाजिक परिवारका सदस्यहरूलाई सो कार्यक्रमको फाइदा उठाउन आग्रह गर्छु ।'

जल उत्पन्न प्रकोपका इञ्जिनीयर इन्द्रकान्त झाले समग्र विकास सेवा केन्द्रले सामाजिक लेखाजोखा कार्यक्रम आयोजना गरी आफूलाई पारदर्शी र जवाफदेही संस्थाको रूपमा प्रस्तुत गरेकोमा प्रशंशा गरे । उनले भने, 'समग्र



विकास सेवा केन्द्रले गरेको सचेतना कार्यक्रमले महिलाहरूको अवस्थामा निकै सुधार आएको पाएको छु। समाजलाई यस्तै संस्थाको खाँचो छ । यस कार्यालयबाट प्रदान गरिने सम्पूर्ण सेवा सुविधाको उपभोग गर्नुस् । त्यसका लागि सघाउन हामी सधैं तयार छौं ।' प्रमुख अतिथि संघीय समाजवादी फोरमकी सांसद् उर्मिला साहले भनिन्, 'सृष्टि महिलाले चलाए पनि समाजले विगतदेखि अहिलेसम्म महिलामाथि विभेद गरिएको छ । त्यसलाई एक जुट भएर चिर्नु जरुरी छ । त्यसमा सहयोग गरेकोमा समग्रलाई धन्यवाद ।'
सामाजिक परिवारहरूले माग गरेका योजनाहरू कार्यान्वनमा आफूले सघाउने पनि बताइन् । कार्यक्रममा संघीय समाजवादी फोरमका दिनेश यादव, राप्रपा नेपालका कृष्णदेव चौधरी, अखिल नेपाल महिला संघ, परिवार नियोजन संघका प्रतिनीधिहरूले शुभकामना दिएका थिए ।

**सिरहा** : समग्र विकास सेवा केन्द्रको आयोजनामा जिल्ला सदरमुकाम सिरहाबजारमा सामाजिक लेखाजोखा सम्पन्न भयो। समग्रका कार्यक्रम व्यवस्थापक प्रेमराज ढुंगेलले संस्थाले सिरहामा सञ्चालन गरेको कार्यक्रमबारे सहभागीलाई जानकारी गराएका थिए ।
सामाजिक परिवारका प्रतिनिधिहरूले समग्रले सञ्चालन गरेको सामाजिक परिवारको माध्यमबाट आफूहरूको जीवनमा धेरै परिवर्तन भएको, आफूहरू अधिकारप्रति सचेत भएको नेतृत्व क्षमता बढेको, सामाजिक सद्भाव र मेलमिलापमा सहयोग पुगेको, स्थानीय स्रोत साधन प्रयोग र परिचालन गर्ने क्षमता बढेको जस्ता विचार व्यक्त गरेका थिए ।
पूर्वाञ्चल क्षेत्रीय प्रशासक रामकुमार आचार्यको प्रमुख अतिथ्यमा सम्पन्न लेखाजोखामा प्रमुख जिल्ला अधिकारी विजयनारायण मानन्धर, स्थानीय विकास अधिकारी, प्रमुख महिला अधिकृतलगायत अधिकांश सरकारी कार्यालयका प्रमुखहरू सहभागी थिए। २०७३ असार १२ गते सम्पन्न उक्त कार्यक्रममा सिरहामा सञ्चालनमा रहेका सामाजिक परिवारका प्रतिनिधिहरू सहभागी थिए ।●

# गरिबी निवारण कार्यक्रम अनुगमन



**धादिङ :** धादिङको तसर्पु गाविसमा सञ्चालन भएको गरिबी निवारण कार्यक्रमको विश्व बैंकका सदस्य मीस योशिकोबाट अनुगमन भएको छ। अनुगमन समूहमा गरिबी निवारण कोषको अनुगमन तथा मूल्यांकन प्रमुख लक्ष्मण पाण्डे, कार्यक्रम प्रमुख अम्बिका महर्जन, अधिकृत मुकुन्द गौतम, धादिङका कार्य प्रवन्धक अनिल खनाल थिए । समग्र विकास सेवा केन्द्रका कार्यक्रम अधिकृत अमर अधिकारी, कार्यसमिति सदस्य कञ्चन लामा पनि समूहमा सहभागी थिए ।
तसर्पुमा सञ्चालित श्रमजीवी, पालुवा, सूर्यमुखी, जलदेवी, मेन्दोला फोले सामुदायिक संस्था (सामाजिक परिवार) का प्रतिनिधिहरूसहितको अनुगमन समूहले स्थानीय आदर्श माध्यमिक विद्यालयको सभा हलमा अन्तर्क्रिया आयोजना गरेको थियो । सामुदायिक संस्थाका प्रतिनिधिहरूले गरिबी निवारण कोषको घुम्तिकोषबाट पशुपालन, कृषि, व्यापार-व्यवसाय अन्तर्गत आयआर्जनका कार्यहरू गरी आफूहरूको आयस्तरमा निकै सुधार आएको बताएका थिए । उनीहरूले आफ्नो क्षमता बढेको, स्थानीय साना पूर्वाधार निर्माणमा सहयोग पुगेको, संस्थागत विकासमा अघि बढिरहेको अनुभूति साटेका थिए ।
सामुदायिक संस्थाका सदस्यहरूको उपलब्धि सुनेर मीस योशिकोले खुशी व्यक्त गर्दै विश्व बैंकको सहयोगको सदुपयोग भएको आफूले पाएको बताएकी थिइन्। उनले समग्र विकास सेवा केन्द्रलाई धन्यवाद दिँदै सामुदायिक संस्थाहरूको दीर्घकालीन विकासका लागि श्रोतव्यक्ति निर्माण तथा सहकारी संस्थाको निर्माणमा लाग्न सुझाव पनि दिइन् । ●

## युवा दिवस मनाइयो

सिरहाः अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा रक्तदान, अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। साउन २८ गते सिरहास्थित समग्र विकास सेवा केन्द्र, क्षेत्रीय कार्यालयसहित मानवअधिकार संरक्षण केन्द्र (संजाल), जिल्ला प्रहरी कार्यालय, युवा समिति, रक्त सञ्चार केन्द्र र स्थानीय विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरूको संयुक्त आयोजनामा कार्यक्रम सम्पन्न भएको हो जसमा ६० जनाले रक्तदान गरेका थिए ।
'गरिबी उन्मुलनका लागि युवा प्रतिबद्धता' नाराका साथ हेमनारायण चोकबाट निस्केको जुलुसमा करिब ६ सय जनाको सहभागितामा थियो। जुलुस जिल्ला विकास समितिको समीक्षालय भवनमा पुगी सभामा परिणत भएको थियो ।
राजनैतिक दल, सरकारी कार्यालय, संघ-संस्थाका प्रतिनिधिहरूको उपस्थितिमा सम्पन्न अन्तर्क्रिया कार्यक्रममा दाइजोको कारणबाट गाउँघरमा हक अधिकारबाट छोरीचेलीहरू बञ्चित भएकोबारे छलफल भएको थियो । ●

# द्वन्द्व रूपान्तरणका लागि प्रशिक्षक प्रशिक्षण




**गोरखाः** द्वन्द्व रुपान्तरणका लागि प्रशिक्षक प्रशिक्षण गोरखाबजारमा सम्पन्न भयो । प्रशिक्षणलाई सूर्यप्रसाद नेपालले सहजीकरण गरेका थिए ।

द्वन्द्व र हिंसाको अर्थ, स्वरुपबारे जानकारी गराउने, द्वन्द्वलाई रूपान्तरण गर्नसक्ने सीपको विकास गराउने, सहभागीहरूलाई सामाजिक परिवारका प्रतिनिधि/सदस्यहरूलाई द्वन्द्व रूपान्तरणबारे अभिमुखीकरण गर्नसक्ने बनाउने र सामाजिक परिवारभित्र उत्पन्न हुने द्वन्द्वलाई समयमा नै रूपान्तरण गर्न सहयोग पुऱ्याउने मुख्य उद्देश्यले २०७३ जेठ २८, २९ र ३० गते सम्म प्रशिक्षण आयोजना गरिएको थियो । प्रशिक्षणमा समग्र विकास सेवा केन्द्रले कार्यक्रम सञ्चालन गरिरहेका जिल्लाहरू गोरखा, लमजुङ, धादिङ र काठमाडौंका जिल्ला संयोजक, उत्प्रेरकहरू गरी १७ महिलासहित ३६ जना सहभागी थिए ।

**सिरहा :** सिरहाको लहानमा द्वन्द्व रूपान्तरणका लागि प्रशिक्षक प्रशिक्षण सम्पन्न भयो । २०७३ असार ३ देखि ५ गतेसम्म सम्पन्न प्रशिक्षणको पहिलो दिन रुखको चित्रको छलफलबाट विषय प्रवेश भयो ।

द्वन्द्वको एबीसी त्रिकोण र द्वन्द्व भनेको के हो ? द्वन्द्व र हिंसा उब्जाउने/उत्पादन गर्ने तत्वहरू, हिंसाको दुष्चक्र, द्वन्द्वको असर, प्रभाव तथा फाइदाका विषयमा केन्द्रित रह्यो ।

पहिलो दिनको प्रशिक्षणमा प्रशिक्षक सूर्यप्रसाद नेपालले भने- हरेक द्वन्द्वले हिंसा र विनाश ल्याउँदैन यदि यसलाई सही समयमै सही तरिकाले सम्बोधन गरियो भने । यसले नयाँ सृजना अर्थात् विकास पनि गर्दै जान्छ । द्वन्द्व सकारात्मक र नकारात्मक दुबै हुन्छ । हावा देखिँदैन तर हावा नचली पात हल्लिँदैन । ठीक त्यस्तै बिनाकारण द्वन्द्व हुँदैन तर त्यो लुकेको हुन्छ । त्यसलाई खोतलेर जरासम्म गई कारण पत्ता लगाउनुपर्छ । परिस्थिति सुधार्नलाई मनःस्थिति सुधार्नुपर्छ । भोलिलाई राम्रो पार्न आज राम्रो गर्नुपर्छ । त्यसका लागि परिश्रम गर्नुपर्छ । समाजमा तर्ने र तार्नेहरू छन् । तर्नेहरू कहाँदेखि कहाँसम्म पुगिसके । त्यसैले अब तार्नेहरूले पनि तर्नुपऱ्यो । जान्नेहरूले उनीहरूलाई तर्न सिकाई दिनुपऱ्यो । अनि मात्र हाम्रो समाज समृद्ध हुन्छ । प्रशिक्षणमा विषवस्तु बुझाउन विभिन्न भनाइ, कथा र चुट्किला भनी विश्लेषण गर्नुपर्छ । बोली र हाउभाउ देखाउनु पर्छ भन्ने सहजकर्ताको निचोड थियो ।

दोस्रो दिन सहभागीहरूलाई जिल्लागत रूपमा ४ वटा समूहमा विभाजन गरी सुक्ष्म शिक्षण अभ्यास गराइएको थियो । शिक्षण अभ्यासको क्रममा द्वन्द्व र हिंसा के हो ? द्वन्द्व र हिंसामा फरक के छ ? द्वन्द्वको उत्पत्ति र द्वन्द्व सृजना हुने कारणहरूको विषयमा व्यापक रूपमा छलफल गरिएको थियो । उदयपुरमा जिल्ला संयोजक वितेश परिवार, बाराका जिल्ला संयोजक राजकिशोर चौधरी र सर्लाहीका जिल्ला संयोजक हरिनन्दन रञ्जनले सहजीकरण गरेका थिए ।

द्वन्द्वरत मूल पक्ष तथा सहायक पक्षहरूको पहिचान, द्वन्द्वको निकास, शक्ति-संरचना आदि विषयमा दोस्रो दिनको विषयमा प्रशिक्षण भयो । द्वन्द्व विश्लेषणको लागि प्रयोग गरिने वृक्ष विश्लेषण सहभागीहरूले सरल रूपमा बुझेका थिए ।

तेस्रो दिन सहभागीहरूले सामाजिक परिवारमा गएर प्रयोग गर्ने विधि, औजार तथा कार्यतालिकाका विषयमा छलफल गरी कार्ययोजना निर्माण गरे । जसअनुसार, पहिलो महिना- द्वन्द्व र हिँसाको बुझाइबारे छलफल गराउने, दोस्रो महिना- द्वन्द्व र हिँसाका सामान्य सिद्धान्तहरूबारे बुझाउने, तेस्रो महिना- सामाजिक परिवारहरूले भोगेका द्वन्द्वहरूको पहिचान र प्राथमिकता छुट्याउने, चौथो महिना- द्वन्द्व विश्लेषणका कारणहरू, असर, पात्र र सहायक पात्रहरू पत्ता लगाउने, पाँचौं महिना- द्वन्द्व निकासका लागि कार्ययोजना बनाउने र छैटौं महिनादेखि द्वन्द्व न्यूनीकरण तथा निकासका लागि निरन्तरता दिने कार्ययोजना सहभागीहरूले निर्माण गरेका थिए ।

प्रशिक्षणमा छलफल, शिक्षण अभ्यास, प्रदर्शन, कथा, चुट्किला तथा खेल विधिहरू प्रयोग भएको थियो । प्रशिक्षणको उद्घाटन इलाका प्रशासक तुलसीराम पौडेलले गरेका थिए । राजदेवी सामाजिक परिवार, लहानको अध्यक्ष रेखादेवी सदाको अध्यक्षतामा भएको सो कार्यक्रममा जिल्ला संयोजक प्रेम कुमारीले स्वागत गरेकी थिइन् । गैरसरकारी संस्थाका प्रतिनिधिहरू रामभरोसी यादव र गंगा अधिकारीले शुभकामना व्यक्त गरेका थिए । प्रशिक्षणको सुरुवात एकले अर्को साथीलाई डोरो बाधेर शान्तिको प्रतीक सन्देश फैलियोस् भने कामना गरिएको थियो । समापनमा समग्रका क्षेत्रीय संयोजक दुर्गाप्रसाद महतोले सहभागीहरूलाई प्रमाणपत्र वितरण गरी कार्यक्षेत्रमा गएर सिकेका कुरालाई सामाजिक परिवारमा लागू गर्न शुभकामना दिएका थिए । प्रशिक्षणमा समग्रले कार्यक्रम सञ्चालन गरिरहेका तराई मधेशका जिल्लाहरू सिरहा, सप्तरी, उदयपुर, सुनसरी, धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बाराका संयोजक, उत्प्रेरकहरू गरी ९ महिलासहित २५ जना सहभागी थिए ।

# जिल्ला संयोजकका लागि समीक्षा कार्यशाला



समग्र विकास सेवा केन्द्रले काभ्रेको धुलिखेलमा जिल्ला संयोजकहरूका लागि तीनदिने समीक्षा कार्यशाला सम्पन्न गरेको छ। २०७३ असार २४ देखि २६ गतेसम्म सञ्चालित कार्यशालामा समग विकास सेवा केन्द्रका कार्यक्रम रहेका सिरहा, सप्तरी, उदयपुर, सुनसरी, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, गोरखा धादिङ्ग, लमजुङ्ग र काठमाडौंलगायतका जिल्ला संयोजकहरू, वरिष्ठ उत्प्रेरक तथा केन्द्रीय कार्यालयका अधिकृतहरू गरी २१ जना सहभागी थिए। हरेक जिल्लाको त्रैमासिक कार्यसमीक्षा गर्ने मुख्य उद्देश्यले आयोजना गरिएको उक्त कार्यशालामा सहभागीहरूले आफूले भोगेका समस्याबारे छलफल समेत गरेका थिए। सहभागीहरूलाई सफलताका कथा लेख्न अभिमुखीकरण गराउनसमेत कार्यशाला आयोजना गरिएको थियो।

समग्र विकास सेवा केन्द्रका अध्यक्ष दुर्गादत्त घिमिरेले फूलमा पानी हालेर कार्यशालाको उद्घाटन गरेका थिए। समग्र विकास सेवा केन्द्र र गमर्नेन्स फेसिलिटीसँगको सहकार्यमा सञ्चालित सो कार्यशालामा त्रिवर्षीय कार्यक्रमको दीर्घकालीन र अल्पकालीन नतिजाका सूचकहरूलाई प्रष्टाउन सहभागीहरूलाई लेखन अभ्यास गराइयो। सहभागीहरूलाई सफलताका कथा लेख्दा ध्यान पुऱ्याउनुपर्ने मुख्य कुराहरूबारे सञ्चारकर्मी माधव ढुंगेलले अभ्यास गराएका थिए। समग्र विकास सेवा केन्द्रका कार्यक्रम अधिकृत अमर अधिकारीले सहभागीहरूलाई नयाँ रिपोर्टिङ फरम्याटबारे र आर्थिक व्यवस्थापक भुवनेश्वर सिंहले लेखाको नयाँ रिपोर्टिङ सफ्टवेयरबारे जानकारी दिएका थिए।

# पारदर्शी भए स्वत: सुशासन



**सिरहा:** लहानस्थित मारवाडी सेवा सदनमा समग्र विकास सेवा केन्द्र, सिरहाको आयोजनामा सुशासन तथा जवाफदेहीता-सम्बन्धी अन्तर्क्रिया श्रावण २३ गते सम्पन्न भयो। सरकारी तथा गैरसरकारी निकाय, राजनैतिक दल, संघ-संस्था र सामाजिक परिवारका प्रतिनिधिहरू गरी ४५ जनाको सहभागिता रहेको सो कार्यक्रममा इलाका प्रशासन कार्यालय लहानका प्रमुख तुलसीराम पौड्यालले भने, 'सुशासन तथा जवाफदेहीता हामी सबैको साझा कर्तव्य हो, यसको लागि म प्रतिवद्ध छु।' कार्यक्रममा सामाजिक परिवारका सदस्यहरूले नगरपालिकाले स्थानीय विकासमा ध्यान नदिएको गुनासो राखेका थिए। जिल्ला भूसंरक्षण कार्यालय, लहान नगरपालिका, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, कृषि सेवा केन्द्रका प्रतिनिधिहरूले आफूले प्रवाह गर्ने सेवा सुविधाका लागि दलित, उपेक्षित र सिमान्तकृत मानिसहरूलाई प्राथमिकता दिँदै आएको बताएका थिए।

लहान नगरपालिकाको सामाजिक अधिकृत भानुराज शर्माले सुशासन तथा जवाफदेहीतासम्बन्धी कार्यक्रमको आयोजना गरेकोमा समग्र विकास सेवा केन्द्रलाई धन्यवाद दिँदै संस्थाले सीमान्तकृत मानिसहरूको सशक्तीकरण गरेकोमा खुशी व्यक्त गरे। उनले नगरपालिकाबाट उपलब्ध हुने सबै सेवासुविधालाई छिटो, छरितो र सहज बनाउन आफू लाग्ने पनि बताए। कार्यक्रमको प्रमुख अतिथि इलाका प्रशासन कार्यालयका प्रमुख तुलसीराम पौड्याल थिए भने अध्यक्षता दलित उत्थान सामाजिक परिवारका अध्यक्ष श्यामोदेवी दास गरेकी थिइन्।



# नयाँ संविधानसम्बन्धी जानकारी

*संविधानसभाले २०७२ असोज ३ गते नयाँ संविधान जारी गऱ्यो । यो संविधानका ३५ भाग, ३०८ धारा र ९ वटा अनूसूची छन् । भाग ३ मा मौलिक हकको व्यवस्था छ, जुन धारा १६ देखि ४६ सम्म लिपिबद्ध छन् ।*

२०. **न्यायसम्बन्धी हक :** (१) कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन ।
(२) पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक हुनेछ । त्यस्तो व्यक्तिले आफ्नो कानुन व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ । तर शत्रुदेशको नागरिकको हकमा यो उपधारा लागू हुने छैन ।
स्पष्टीकरण : यस उपधाराको प्रयोजनका लागि "कानुन व्यवसायी" भन्नाले कुनै अड्डा अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न कानुनले अधिकार दिएको व्यक्ति सम्झनुपर्छ ।
(३) पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्यादबाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राखिने छैन तर निवारक नजरबन्दमा राखिएका व्यक्ति र शत्रुदेशको नागरिकको हकमा यो उपधारा लागू हुने छैन ।
(४) तत्काल प्रचलित कानुनले सजाय नहुने कुनै काम गरे बापत कुनै व्यक्ति सजाय भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा कानुनमा तोकिएभन्दा बढी सजाय दिइने छैन ।
(५) कुनै अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसुर प्रमाणित नभएसम्म कसुरदार मानिने छैन ।
(६) कुनै पनि व्यक्तिविरुद्ध अदालतमा एकै कसुरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन ।
(७) कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्नोविरुद्ध साक्षी हुन बाध्य पारिने छैन ।
(८) प्रत्येक व्यक्तिलाई निजविरुद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुनेछ ।
(९) प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष रसक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनवाइको हक हुनेछ ।
(१०) असमर्थ पक्षलाई कानुन बमोजिम नि:शुल्क कानुनी सहायता पाउने हक हुनेछ । ●

## सुशासन............

मुक्त हुन आफू सधैं सकारात्मक हुनु जरुरी छ । योग-ध्यानले सकारात्मक बनाउन सहयोग गर्छ । जति बढी सकारात्मक हुन सक्यो त्यति नै बढी काम-कर्तव्य निर्वाहमा सकारात्मकता आउँछ । सुशासन बढ्छ ।
प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका (स्टाफ कलेज) वरिष्ठ निर्देशक केदारबहादुर रायमाझीले सकारात्मक प्रवृत्ति र व्यवहार सम्बन्धमा सहजीकरण गरे ।
उनका अनुसार, सकारात्मक प्रवृत्तिले उच्च आत्मबल, योजना कार्यान्वयन, अरुलाई उत्साहित बनाउन सहयोग पुग्छ । नकारात्मक प्रवृत्तिले बेहोसी, अल्छि र कर्तव्यबाट पन्छिने हुन्छ । पुराना कुरा बिर्सने नयाँ संभावना खोजी गर्ने, सकारात्मकतालाई गुणात्मक रूपले बढाउँदै लैजाने र नकारात्मक धारणालाई हटाउँदै जाँदा सकरात्मकता बढ्छ ।
रायमाझीले भने, 'सकारात्मक व्यवहारले कार्यदक्षतालाई बढाउँछ । सिकाइमा निखार आउँछ र पेशामा सन्तुष्टि आउँछ । समस्या समाधान गर्ने दक्षता बढ्छ । कार्य कुशलतामा सुधार आउँछ । यसले सुशासन प्रवर्द्धनमा टेवा पुग्छ ।' उनले राष्ट्रसेवक (कर्मचारी) हरूले कसरी जनउत्तरदायी र जवाफदेही हुनुपर्दछ भन्ने विषयमा छलफल, भिडियो र खेल विधिबाट सहभागिहरूलाई विषय-प्रवेश गराई सहसुस गराउने कोशिश गरेका थिए ।



कार्यक्रमको समापन प्रमुख जिल्ला अधिकारी विजयनारायण मानन्धरले गरेका थिए । प्रजिअ मानन्धरले समग्र विकास सेवा केन्द्रले 'सुशासन प्रवर्द्धनका लागि सकारात्मक सोच' विषयमा कार्यशालाको आयोजना गरेर कर्मचारीहरूलाई सहभागी हुने मौका दिएकामा धन्यवाद दिए । उनले भने, 'समग्र विकास सेवा केन्द्रको सामाजिक परिवारको अवधारणाबाट म प्रभावित छु । हामी आवश्यक सहकार्य गर्न तयार छौं ।'
कार्यक्रमको अन्तिम दिन पूर्वाञ्चलका क्षेत्रीय प्रशासक रामकुमार आचार्य पनि सहभागी थिए । उनले सुशासनका बाधालाई चिर्न कर्मचारीहरूले अपनाउनुपर्ने रणनीतिका बारेमा विचार व्यक्त गरेका थिए ।
कार्यशालामा सिरहा जिल्लाका सरकारी कार्यालयहरू, संस्थान, केही गैससका प्रमुख, सञ्चारकर्मी गरी पाँच महिलासहित ३५ जना सहभागी थिए । ●

# शान्तिपूर्ण अभियानमा पूर्वलडाकू

*दश वर्षलामो सशस्त्र द्वन्द्वकालमा माओवादी सेनाका लडाकु थिए- रामनारायण भण्डारी। उनी अहिले सप्तरी जिल्ला डिमन गाविस वडा नं. ८, डिमन गाउँमा बसोबास गर्छन्। उमेरले ५० काटिसकेका उनी दुई छोरी र एक छोराका पिता हुन्। सप्तरीको डिमनमा सञ्चालित जनजाति सामाजिक परिवारका सदस्य उनले आफ्नो सामाजिक यात्रालाई यसरी वर्णन गरे-*

२०६३ सालतिरको कुरा हो। समग्र विकास सेवा केन्द्रले डिमन गाविसमा गाविस स्तरीय कार्यक्रम सञ्चालन गरेको थियो। संयोगले म पनि त्यसमा सहभागी हुन पाएँ। कार्यक्रमको उद्देश्य थियो- सीमान्तकृत मानिसको सशक्तीकरण अभियान। मलाई थाहा थिएन- सीमान्तकृत भनेको के हो? मैले त्यही कार्यक्रममा सुनेको सिमान्तकृत अर्थ पनि बुझ्न पाएँ- सीमान्तकृत भने राज्यका सेवासुविधाबाट बन्चित तथा आर्थिक, राजनैतिक र सामाजिक हिसाबले पछि परेका समुदायलाई भनिँदो रहेछ।

म गरिब परिवारको मान्छे। हाम्रो डिमनमा यादवहरूको बाहुल्य छ। गाविसभित्र दलित, जनजातिलगायतको पनि बसोबास छ। यहाँ जातीय भेद्भाव र शोषण धेरै थियो। त्यसैबाट मुक्तिको खोजीमा म माओवादीको सैन्यदस्तामा समेत सामेल भइसकेको थिएँ- सशस्त्र द्वन्द्वका बेलामा। माओवादी 'जनयुद्ध' ले पनि मेरो आशा पूरा गरेन। म निरुत्साहित भएँ।

२०६६ सालको कुरा हो। म 'जनजाति सामाजिक परिवार' को सदस्य भएँ। सामाजिक परिवारमार्फत् गाउँमा रहेको शोषण र विभेदलाई कम गर्न सकिन्छ, उन्नत र समतामुलक समाज बनाउन सकिन्छ भनेर म यो अभियानमा लागेको हुँ। समग्रले हाम्रो आँखा खोलिदिएको छ- शान्तिपुर्ण र सद्भाव नबिथोली पनि समाज रूपान्तरण गर्न सकिन्छ।



रामनारायण भण्डारी

हामी शान्तिपुर्ण सचेतना अभियान चलाउँदै छौं। अधिकारका कुरा बुझ्दै छौं। दुखनी मुखिया, जितनी मुखिया, उषा झा, कमला यादवको सामाजिक सुरक्षाभत्ता गाविस सचिवले नै खाइदिएका रहेछन्। २०६८ सालदेखि २०७१ सालसम्म तीन वर्षको उनीहरूको भत्ता सचिवले नै खाइदिएछन्। हामीले यो कुरा थाहा पाएपछि जिल्ला प्रशासन कार्यालयमा उजुरी हाल्यौँ। गाविस घेर्‍यौं र सचिवसँग बयान लियौं। कुरा सत्य रहेछ। त्यसपछि गाविस सचिव भत्ता दिन सहमत भए। उनी निलम्बित भए। त्यसपछि गाउँ विकास समितिले बुझ्यो- सामाजिक परिवारको तागत र हैसियत। अहिले त गाविस र अरू कार्यालयहरूले पनि हाम्रो सामाजिक परिवारलाई कार्यक्रम गर्दा निम्ता गर्छन्।

सामाजिक परिवारले माग गरेका कुरा सकेजति दिने गरेका पनि छन्। हालसम्म गाविसबाट सडक मर्मत र बाटो निर्माण गरिसकेका छौं।

हामी सामाजिक परिवारमा संगठित भएपछि वचत परिचालन गरिरहेका छौं। झैझगडा भयो भने गाउँमै मिलाउँछौं। हामी कार्यक्रमहरू माग गर्छौं। चेतनामुलक विभिन्न अभियानहरू चलाउँदै आएका छौं। सामाजिक परिवारको सदस्यको हैसियतले म गाउँको सामाजिक कार्यकर्ता बनेको छु। मेरो आफ्नो चिनारी बनेको छ। मेरो रहर यत्ति छ- सबै मिलेर सामाजिक परिवारलाई अझै संगठित गरी सशक्त बनाउने। ●

## नागरिक सचेतना केन्द्र गठन:

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत काठमाडौं महानगरपालिकासँगको सहकार्यमा समग्र विकास सेवा केन्द्रले सामाजिक परिचालन कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। काठमाडौं महानगरपालिकाको ९ वटा वडाहरूमा नागरिक सचेतना केन्द्र गठन भएको छ। ●

| वडा नं. | नागरिक सचेतना केन्द्र रहेको स्थान | सदस्य संख्या | संयोजकको नाम |
|---|---|---|---|
| १. | नक्साल | २५ | सुजिना मानन्धर |
| २ | लाजिम्पार्ट, नर्सरी मार्ग | ३० | सरिता वैद्य |
| ४ | टुडालदेवी मन्दिर | २७ | सावित्री थापा |
| ५ | गहनापोखरी | २५ | शान्ता गौतम |
| ६ | वौद्ध, पिपलवोट | ३० | सरस्वती पुडासैनी |
| ७ | मित्रपार्क | ३० | उर्मिला चालिसे |
| ८ | जयवागेश्वरी | २८ | शोभा देवी श्रेष्ठ |
| २७ | माँसगल्ली | ३० | विनु शिलाकार |
| ३० | इनबहाल | ३० | अन्नपूर्णश्वरी श्रेष्ठ |

